# विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन, विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड दोस्रो वर्ष (Ed. PM. 598) को आंशिक आवश्यकता पूरा गर्नको निम्ति प्रस्तुत

**शोधपत्र**


**शोधार्थी**

रामचन्द्र पण्डित

एम.एड. दोस्रो वर्ष

त्रि.वि.वि. दर्ता नं. ११५९४-८४

परीक्षा रोल नं. २१४०१३८/०६६

क्याम्पस रोल न.३४७

शैक्षिक वर्ष २०६४/०६५


**प्रस्तुत**


श्री सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर मोरङ


चैत्र, २०६९

## विषय : सिफारिस पत्र

रामचन्द्र पण्डितद्वारा **विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका** शीर्षकको स्नातकोत्तर तहको शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नुभएको हो । यस शोधपत्रको समग्र मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..........................................

**मिति : २०६९/११/११**

**शोध निर्देशक**

**श्री अशोक बस्नेत**

## विषय : स्वीकृति पत्र

**विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका** शीर्षकको स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनको निमित्त रामचन्द्र पण्डितद्वारा तयार पारिएको शोधपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिमा प्रस्तुत गर्नुभएकोले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक | ............................ |
| २ | अशोक बस्नेत | शोध निर्देशक | ............................ |
| ३. | अरविन्द लाल भोमी | बाह्य परीक्षक | ........................... |

मितिः २०६९।१२।११

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, सुकुना वहुमुखी क्याम्पस, इन्द्रंपुरको  शिक्षाशास्त्र सङकाय  अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपुर्ति गर्नका लागि प्रस्तुत शोधपत्र “विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका” र्शीर्षकमा यो शोधपत्र तयार पारिएको हो । यो शोधपत्र आदरणीय गुरु श्री अशोक बस्नेत ज्यूको निर्देशनमा तयार पारिएको हुदा उहाँलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समयमा नै शोध प्रस्ताव स्वीकृत गरी अध्ययनकार्यको थालनी गर्न भरपुर सहयोग प्रदान गर्नु हुने कार्यक्रम संयोजक उप प्रा. लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

यो शोधपत्र तयारीको क्रममा आवश्यक सूचना, तथ्य तथ्याङक विचार तथा धारणा उपलब्ध गराई सहयोग पुऱ्याइ दिनु हुने सम्वन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी वि.व्य.स., शि.अ.स., अभिभावक  सबैलाई धन्यवाद दिन चाहन्छु ।  यसै गरी मेरो अध्ययन कार्यलाई निरन्तर हौसला र समय उपलब्ध गराई आवश्यक वातावरण मिलाई दिने मेरी धर्मपत्नी प्रमिला देवी पण्डित, छोरा छोरीहरू दीपेश, पवन, र पूजा लाई धेरै धन्यवाद छ ।  अध्ययन लाई सहयोग पुऱ्याई दिनु हुने क्याम्पसका पुस्तकालय प्रमुख देवराज गिरीज्यू तथा श्री उच्च मा.वि. होक्लावारी, मोरंङ विद्यालय परिवार प्रति पनि आभार प्रकट गर्न चाहन्छु । शोधपत्र लाई आकर्षक ढंगमा कम्प्पुटर सेटिङ्ग गरी सहयोग गर्नु हुने  होराइजन कम्प्युटर तथा ल्याङ्वेज सेन्टर इन्द्रपुर-१ का प्रोप्राइटर श्री अश्विनप्रसाद उप्रेती, सुमन रिजाल तथा भाषिक शुद्धिकरणमा विशेष सहयोग पुऱ्याई दिनु हुने श्री उच्च मा.वि. होक्लावारीका अवकाश प्राप्त प्र.अ. तथा मेरो आदरणीय गुरु श्री गायत्री प्रसाद निरौलाज्यू  प्रति पनि धेरै आभारी छु ।

रामचन्द्र पण्डित

# शोधसार

यो शोध ग्रन्थ **विद्यालय-समुदाय सम्वन्ध विकासमा सामाजिक परीक्षणको भूमिका** शीर्षकमा गरिएको छ । विद्यालयको वास्तविक अवस्थालाई अभिभावक समक्ष प्रस्तुत गर्न सजिलो बनेको सामाजिक परीक्षणले विद्यालय समुदाय सम्बन्धको विकासमा खेलेको भूमिकाको लेखाजोखा गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

यस अध्ययनमा गुणात्मक र परिमाणात्मक ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा मोरङ जिल्लाको बाहुनी स्रोत केन्द्र अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरू मध्ये जातीय, भौगोलिक, सुगमताको आधारमा ६ वटा विद्यालयको छनोट गरी तिनका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी, तथा अभिभावकलाई उद्देश्यमूलक विधिबाट छनोट गरी  प्रश्नावली, अन्तर्वार्ता सूची, छलफल र दस्तावेज अध्ययन जस्ता अनुसन्धानका साधनका उपयोगबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

विद्यालय समुदाय बीचको सम्बन्ध सुमधुर र प्रगाढ गर्नका लागि विद्यालयको सबै पक्षको वास्तविक अवस्था पहिचान गरी अभिभावक समक्ष  छलफल तथा पारदर्शी  गर्दा सम्बन्धमा सकारात्मक प्रभाव पार्ने भएता पनि  कतिपय विद्यालयमा सामाजिक परीक्षण समिति भएको तर कार्य गर्न सकेको  छैन । कतिपय विद्यालयमा समिति नै निर्माण हुन नसकेको अवस्था छ भने कतिपय विद्यालयमा यस सम्बन्धमा वास्तविक जानकारी नै नभएको विवरण पाइयो । समितिमा संलग्न हुनु पर्ने पक्ष नै कतिपय ठाउमा संलग्न नभएको पाइयो । समितिले वास्तविक कार्य गर्न नसकी औपचारिकतामा मात्र सीमित भई प्रतिवेदन तयार गर्ने गरेको पाइयो । अध्ययनको क्रममा कतिपय स्थानमा सामाजिक परीक्षणकै प्रभाव हीनताको कारण विद्यालय र समुदाय बीचको सम्बन्धमा गडबडी उत्पन्न भएको पाइयो । जसको कारण एकले अर्को पक्षमाथि दोषारोपण मात्र दिइएको  पाइयो । जसको परिणाम स्वरुप विद्यालयको उन्नति प्रगतिमा अवरोध उत्पन्न भएको पाइयो ।

सामाजिक परीक्षणको सकारात्मक प्रभावबाट  आपसी सम्वन्ध बढाई विद्यालयको सर्वोपरि उन्नति गराउन सकिन्छ । यसरी विद्यालय समुदायको सम्बन्धलाई  अझ वलियो र सुमधुर बनाउन सामाजिक परीक्षणको प्रभावकारीतालाई व्यवस्थित बनाउन, सरोकारवालाको क्षमता अभिवृद्धि गर्न उनिहरूलाई तालिम र गोष्ठी मार्फत दक्षता अभिवृद्धि गर्न सकेमा मात्र विद्यालयको हरेक गतिविधि चुस्त दुरुस्त र पारदर्शी हुन जान्छ । यसो हुन गएमा मात्र विद्यालय र समुदायको सम्बन्ध सुमधुर हुन जान्छ भन्ने निष्कर्ष यो अनुसन्धानले निकालेको छ ।

विद्यालय समुदाय सम्बन्धमा सामाजिक परीक्षणको प्रमुख भूमिका रहने हुदा सामाजिक परीक्षणको प्रभावलाई बढाउन विद्यालयका सरोकारवालाहरूको तालिम र गोष्ठी द्वारा क्षमता अभिवृद्धि गर्नु पर्ने देखिन्छ । सामुदायिक विद्यालयमा लेखा राख्ने प्र.अ. वा लेखापाल लाई सके सम्म दोहोरो लेखाप्रणाली अनुसार लेखा राख्न  तालिम दिनुपर्ने टड्कारो खाँचो रहेको देखिन्छ । सामाजिक परीक्षण पछि विद्यालयको हरेक गतिविधिलाई पारदर्शीबनाउन सामाजिक परीक्षण प्रतिवेदनलाई प्र.अ. कार्यकक्षमा झुण्ड्याएर राख्नु पर्छ भन्ने सुझाव यो अनुसन्धानले दिएको छ । विद्यालय विकासमा सामाजिक परीक्षण समितिको महत्वपूर्ण भुमिका रहने हुँदा यो समिति सामाजिक परीक्षण  सम्बन्धी निर्देशिका २०६५ बामोजिम गठन हुनु पर्ने सुझाव पनि यो अनुसन्धानले प्रस्तुत गरेको छ ।

## विषयसूचि

| | | |
|---|---|---|
| | | पृष्ठ |
| सिफारिस पत्र | | क |
| स्वीकृति पत्र | | ख |
| कृतज्ञता ज्ञापन | | ग |
| शोधसार | | घ |
| सङक्षिप्त शब्दावली | | च |
| | **परिच्छेद एक : परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको औचित्य | ७ |
| १.४ | अध्ययनको उद्देश्य | ८ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | ८ |
| १.६ | अध्ययनको परिसीमा | ९ |
| १.७ | मुख्य शब्दावलीको परिभाषा | ९ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ | सैद्धान्तिक खाका | १५ |
| २.३ | पुनरावलोकनको उपादेयता | १६ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १८ |

३.२ जनसंख्या १८

३.३ नमुनाको छनोट १८

३.४ अनुसन्धानका साधन १९

३.५ तथ्याङ्कका स्रोतहरू १९

३.६ तथ्याङ्क संकलन विधि २०

३.७ तथ्याङक विश्लेषण विधि २०

## परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ सामाजिक परीक्षणको वर्तमान अवस्था २१

४.१.१ सामाजिक परीक्षण समिति निर्माणको अवस्था २२

४.१.२ सामाजिक परीक्षणको जानकारी २४

४.१.३ सामाजिक परीक्षण समितिमा सहभागिता २५

४.१.४ विद्यालयको आर्थिक अभिलेखीकरणमा संलग्नता २७

४.१.५ विद्यालयमा लेखा राख्ने शैली २८

४.१.६ सामाजिक परीक्षण सम्बन्धी धारणा २८

४.२ सामाजिक परीक्षणले विद्यालय र समुदाय सम्बन्धको विकासमा खेलेको भूमिका ३०

४.२.१ सामाजिक परीक्षण बारे समुदायको चासो ३२

४.२.२ सामाजिक परीक्षण पछि सर्वसाधारणलाई जानकारी ३३

४.२.३ सामाजिक लेखा परीक्षणको पटक ३४

४.२.४ सामाजिक परीक्षणले पुऱ्याएको सहयोग ३५

४.३ सामाजिक परीक्षणमा देखिएका समस्याहरू ३८

४.३.१ दक्षजनशक्तिको अभाव ३८

४.३.२ जानकारीको अभाव ३८

४.३.३ तालिमको अभाव ३८

४.३.४ समयको कमी ३९

४.३.५ उत्तरदायित्वको कमी ३९

४.४ सामजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरू ३९

४.४.१ जनशक्ति उपलब्ध गराउनु पर्ने ३९
४.४.२ अनुगमन हुनु पर्ने ४०
४.४.३ विकेन्द्रीकरण हुनु पर्ने ४०
४.४.४ तालिमको व्यवस्था गर्नु पर्ने ४०
४.४.५ पुरस्कारको व्यवस्था ४०
४.४.६ निर्देशिका बमोजिम सा.प.स. गठन हुनु पर्ने ४०

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ४२
५.२ निष्कर्ष ४४
५.३ सुझावहरू ४५
५.३.१ नीतिगत तह ४६
५.३.२ अभ्यास तह ४६
५.३.३ अनुसन्धान तह ४७
सन्दर्भ सामग्रीहरु
अनुसूचीहरू

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | सामाजिक परीक्षणको समिति निर्माणको वर्तमान अवस्था | २३ |
| २ | सामाजिक परीक्षणको जानकारी | २४ |
| ३ | सामाजिक परीक्षण समितिमा सदस्यहरुको विवरण | २६ |
| ४ | विद्यालयको परीक्षणमा प्र.अ., वि.व्य.स., शि.अ.संघ, शिक्षक, अभिभावक र विद्यार्थीको धारणा | २९ |
| ५ | सामाजिक परीक्षणको विद्यालय र समुदायको सम्बन्धको बारेमा व्यक्त प्रतिक्रिया | ३१ |
| ६ | सामाजिक परीक्षणको पटक | ३४ |
| ७ | सामाजिक परीक्षणले पुऱ्याएको सहयोग | ३६ |

## सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| ले.प.प्र | : | लेखापरीक्षण प्रतिवेदन |
| आ.ले.प. | : | आन्तरिक लेखा परीक्षण |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| रा.शि.प.यो | : | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| शै.स. | : | शैक्षिक सत्र |
| सा.प. | : | सामाजिक परीक्षण |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| उ.रा.शि.आ. | : | उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग |
| शि.अ.स. | : | शिक्षक अभिभावक संघ |
| क्षे.शि.नि. | : | क्षेत्रीय शिक्षा निर्देशनालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| सा.प.स. | : | सामाजिक परीक्षण समिति |